# तुर्माखाँद गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.सी.द्धारा प्रस्तुत आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## तुर्माखाँद गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८१ साल असार ९ गते*


Web site:www.turmakhadmun.gov.np

Email: ito.turmakhadmun@gmail.com


तुर्माखाँद गाउँपालिका अछाम

***सभासद ज्यूहरु,***

तुर्माखाँद गाउँपालिकाको १५ औं गाउँ सभासद ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, सम्पूर्ण कर्मचारी मित्रहरु, सञ्चारकर्मी साथिहरु, प्रत्यक्ष प्रसारण सुनिरहनु भएका स्वदेश तथा विदेशमा रहनुहुने आम गाउँपालिकावासी आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरु, **तुर्माखाँद गाउँपालिकाको गाउँ सभाको १५ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

१. यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ को वर्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाब दिनुहुने राजनीतिक दलका प्रमुख एवंम प्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, गाउँ-सेवक कर्मचारीहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिवि, नागरिक समाज, सरोकारवालाहरु, सबै पेशा व्यवसायमा आबद्ध महानुभवहरु एवं सम्पूर्ण दाजुभाई तथा दिदीबहिनिहरु लागायत सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतन्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रहदै सम्मुनत संघीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समुतामुलक, सबल र समृद्ध गाउँपालिकाको निर्माण गर्न, मुलुकको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक भएका ऐतिहासिक जनआन्दोलन, स-शस्त्र संघर्ष, मधेस आन्दोलन लगायत अग्रगमनका लागि विभिन्न कालखण्डमा त्याग र बलिदान दिने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। घाइतेहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्दै राजनितिक परिर्वतको लागि समग्र आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. सुन्दर, सम्मुनत र समृद्ध गाउँपालिका निमार्ण गर्न हाम्रो संकल्प, सम्पुर्ण गाउँपालिका वासीको चाहाना, हामीले निर्वाचनका क्रममा सम्पूर्ण मतदाताहरु प्रति अभिव्यक्त गरेका वाचाहरु पूरा गर्ने दिशामा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगोविकास राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै समग्र तुर्माखाँद गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्धारा प्रद्धत हक अधिकारको प्रचलनमा रहि तथा कानुनत: निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं।

४. स्थानीय स्रोतको पहिचान र परिचालन गरि समावेशी सिद्धान्तका आधारमा आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न सरकारी निजि क्षेत्र र समुदायको साझेदारीमा विकास गरिने छ। गुणस्तरिय शिक्षाबाट नै समाजमा दिगो विकास र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने गाउँपालिकाको स्पष्ट धारणा रहेको छ। आन्तरिक सु-शासन र सवल प्रशासनको विकास, पालिका वासीको आर्थिक हैसियतमा सुधार, कृषि, स्वास्थ्य, खानेपानी तथा सरसफाई सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम

राख्दै पूर्वाधार विकास, सामाजिक विकास, कलासंस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, वन तथा वातावरण संरक्षण, युवा परिचालन, वडा कार्यालयहरुको क्षमता विकास, रोजगारी उद्यमशिलता, खेलकुद, विपद व्यवस्थापन, न्याय निरुपण, पिछडिएको वर्ग समुदाय, महिला, दलित, जनजाती, असाहाय, फरक क्षमता भएका व्यक्ति, बालवालिका, मानवअधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागि यो आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम निर्देशित रहेको छ।

५. संघीय सरकारको राजस्व परिचालनमा उल्लेखिय सुधार हुन नस्कदा स्थानिय तहले पाउनपर्ने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेको छ। नेपालले विगत केहि वर्ष यता अल्पविकासित मुलुकबाट विकाससिल मुलुकको श्रेणीमा उल्कीनै लाग्दा हरेक दिन दुई हजार भन्दा बढी युवाहरु रोजगारीको खोजिमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाको प्रभाव हाम्रो पालिकामा पनि रहेकाले यसले हामि सबैलाई गम्भीर बनाएको छ। वाहृय बसाई-सराईका कारण गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तिरीत हुदैं छन। उप्जाउ खेती वारी बाँझो हुन पुगेका छन, यस सन्दर्भमा युवालाई देश वा पालिका भित्रै रोगारीको अवसर सिर्जना गर्ने र गाउँघरको बसाईलाई आर्कषक बनाउने चुनौति हामि सबैको साझा मुद्धा हुन पुगेको छ।

६. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो आन्तरिक स्रोतलाई मजबुद बनाउदै तिब्र र दिगो आर्थिक विकास गरि समृद्ध तुर्माखाँद, सुखी तुर्माखाँद वासिको मुल लक्ष्य हासिल गर्न हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था रहेको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सु-शासनको अनुभुति आम जनतामा प्रदा गर्न गाउँपालिकाको क्षमता विकास गर्न आवश्यक रहेको छ। यसका लागि भ्रष्टचारमा शुन्य सहनशिलता को नीति अवलम्बन गरि आर्थिक मितव्ययिता अपनाउनु पर्दछ।

## *विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौति*

### १. विद्यमान अवसरहरुः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निमार्णका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्न अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सास्कृतिक विविधता रहनु।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
- विकास निर्माणका साझेदार संघसंस्थाहरुसँग समन्वय तथा सहकार्यमा विभिन्न कार्यक्रम योजना सञ्चालन हुनु।

### २. विधमान चुनौतीहरु :

- निजामति सेवा ऐनको अभावमा स्थानीय कर्मचारी संगठन तथा व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या।
- कर्मचारी समायोजनमा कतै दरबन्दी भन्दा बढी, कतै कम पठाइनुले कार्य सम्पादनमा समस्या।
- संघ, प्रदेश र स्थानिय तह विच समन्वयको अभाव र काममा दोहोरोपना ।
- रोजगार उन्मुख, सिपमूलक शिक्षाको विकास गर्न नसक्नु।
- यूवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आर्कषित गर्न नसक्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूंजीलाई उद्यम विकासमा उपयोग गर्न नसक्नु।

- वैज्ञानिक जलवायु उत्थानसिल तथा व्यवहारीक योजना तर्जुमा गरी लागु गर्न नसक्नु।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तिमा भवन निर्माण कार्यलाई रोक्न नसक्नु।
- अव्यवस्थित वस्ति विस्तारको क्रम नरोकिनु तथा व्यवस्थित वस्ति विकास गर्न नसक्नु।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रोइङ विना गरिनु। सडक तथा अन्य पूर्वाधारका संरचना निमार्णको कार्यलाई रोक्न नसक्नु।
- आन्तरिक श्रोतसाधनको सहि सदुपयोग नहुदा प्राप्त प्रतिफल हासिल गर्न नसक्नु।
- तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी राजश्वको दायरा विस्तार गर्न नसक्नु।

## ३.नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धि उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०१५-२०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो र प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो र आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अछुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वालम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संघसंस्था, शिक्षक, बुद्धिजिवी, आमा नागरिक,

सरोकारवालाहरु, सबै पेशा व्यवसायमा आबद्ध महानुभावहरु आम गाउँपालिका वासी दाजुभाई तथा दिदीबहिनीहरुको सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु ।

***सभासद ज्यूहरु,***

सर्वप्रथम म गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

## १. भौतिक पुर्वाधार विकास :

- तुर्माखाँद गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको शुरुवात गरिएको,
- नयाँ कच्ची सडक १३ कि.मि. तथा स्तरोन्नती ७ कि.मी. निर्माण गरिएको
- वडा नं. २ भुलुको प्रशासकीय वडा कार्यालयको भवन निर्माण सम्पन्न भएको
- च्यू ढुङ्गा चितासैन झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न।
- खानेपानी: एक धारा एक घर कार्यक्रम अन्तर्गत २२५ वटा घरमा २२५ वटा धारा सहित ४ वटा योजनाहरु निर्माण कार्य भएको

## २. सामाजिक विकास :

- २ वटा एम्बुलेन्स खरिद गरि स्वास्थ्य चौकीहरु मार्फत सेवा सञ्चालनमा रहेको, तुर्माखाँद स्वस्थ्य चौंकीमा एक्सरे मेसिन जडान गरि सञ्चालनमा ल्याइएको छ।
- ५ वर्ष भित्र सबै वडामा बिजुल्ली पुऱ्याउने लक्ष्यका साथ वडा नं. १,३,४,६,७ र ८ मा बिजुल्ली बत्ति जडान गरिएको र वडा नं. २ र ५ मा बिजुल्लीका पोलहरुको व्यवस्थापन गरिएको र यसै बर्ष भित्र सबै वडाहरुमा बिजुल्ली बत्ति जडान गरिनेछ।
- खोप सेवालाई सुदृढ र प्रभावकारी बनाइ राख्न रहफ, भुलु, भैरवस्थान, रानीवन र तोषी स्वास्थ्य चौकीमा फ्रिज जडान गरि सञ्चालनमा ल्याइएको।सबै स्वास्थ्य चौकीमा स्टेचर वितरण गरिएको।
- दश सैय्याको आधारभुत अस्पताल निर्माणधिन अवस्थामा रहेको, वर्थिङ् सेन्टर स्यालेकराको निर्माण कार्य सम्पन्न भएको र तुर्माखाँद,नाडा र धमाली गरी ४ वटा गाउँघर किल्निक तथा खोप क्लिनिक निर्माण सम्पन्न भएको।
- रहफ र धमाली स्वास्थ्य चौकी भवन मर्मत,भुलु,भैरवस्थान र नाडाका गाउँघर क्लिनिकमा आवश्यक फर्निचरको व्यवस्थापन र नाडा र रानीवनका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मोबाइल तथा सिम वितरण गरिएको।
- जनता आ.वि. दुबौराको २ कोठे भवन निमार्ण कार्य सम्पन्न।
- बास्काडाँ र राङ्गाजुधे खेलमैदा निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- गाउँपालिकामा इ-हाजिर,सिसि-टिभि क्यामेरा र डिजिटल नागरिक बडा पत्र जडान भै सञ्चालनमा रहेको।
- भैरवस्थानको लोडेमा ८ वटा जलवायु मैत्री फलामे प्लास्टीक टनेल निर्माण कार्य सम्पन्न भएको। नाडा र तोषीमा किसान सूचीकरण कार्य सम्पन्न।
- आर्थिक मितब्यता, पार्दशीता र सु-शासनको प्रत्याभुति दिन एउटै घरमा कार्यालको व्यवस्था गरी One Spot Delivery प्रणाली कायम गरी सेवा प्रभाहको थालनी गरिएकोछ ।
- जग्गाको नापजाँच कार्यलाई सरल र व्यवस्थित गर्न पालिकामा रहने गरी अमिनको व्यवस्था गरिएको र भू-उपयोग नीति तथा कानुन अनुरूप भु-बर्गिकरण गरिएको।
- सेवा ग्राहिलाई मध्यनजर गर्दै सबै वडामा प्राविधिकहरु खटाई वडा तहको सेवालाई सहज बनाउन सबै वडामा थप जनशक्ति व्यवस्थापन गरिएको छ ।

तुर्माखाँद गाउँपालिका,अछाम

- स्थानिय सरकार सञ्चालनमा सहयोगार्थ विभिन्न ऐन तथा कार्यविधिहरु र आयोजना विकास निर्माण गरी १७ वटा पुस्तिकाहरु लागु गरिएको।
- थप शिक्षक अनुदान कोटालाई व्यवस्थित गरि शिक्षक दरबन्दी मिलान गरिएको छ।
- माध्यामिक शिक्षा (कक्षा १ देखि १० सम्म ) सञ्चालित विद्यलयहरुमा विभिन्न बाहानामा लिईने सम्पुर्ण शुल्क पुर्णरुपमा बन्द गरिएको छ र बालवालिकाहरुले निशुल्क शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिएको छ।
- बिन्ध्यवासिनी मा.वि. भैरवस्थानलाई कक्षा ११ र १२ सञ्चालन अनुमति प्रदान गरिएको छ।
- तुर्माखाँद बहुमुखी क्याम्पस स्थापनाका लागि न्युनतम प्रक्रिया पुरा गरि सम्वन्धन प्राप्तको प्रक्रियामा रहेकोछ।
- स्थानीय पाठ्यक्रम तुर्माखाँद गाउँपालिका राइनचिन (१-८) निर्माण गरी लागु गरिएको।
- वडा नं.२,३,७ र ८ मा ४२ वटा आधुनिक बाख्रा खोर निर्माण गरिएको।
- ८ वटै वडाहरूमा १० वटा साना सिचाँई पोखरी निर्माण गरिएको।
- सार्वजनिक पदधारण गरेका सरोकारवालाहरुका बालबालिकाहरु सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्ने कार्यले सामुदायिक विद्यालय प्रतिको आकर्षण बढेको

***सभासद ज्यूहरु,***

अब म तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को विभिन्न विषयगत क्षेत्रको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दछु।

हाम्रो यस गाउँपालिकाको दिर्घकालिन सोच **"शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधारः सुखी जनता समृद्ध तुर्माखाँदको आधार"** (सुशासन, समृद्धि र समाजवादको आधारः शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधार) रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ ।

## १.सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम

### *क) शिक्षा*

१. तुर्माखाद गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको पूर्वाधार तथा शैक्षिकस्तर सुधारकालागि **"एकीकृत शिक्षा विकास योजना"** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. सबै सरोकारवालाहरुको सामुदायिक विद्यालय प्रति अपनत्व कायम गरी शैक्षिक गुणस्तर वृद्धि गर्न कार्यान्वयनमा रहेको सरोकारवालाहरुका बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने कार्यक्रमलाई थप व्यवस्थित र सुदृढ बनाइने छ ।

३. यस गाउँपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम "राइनचिन" को आधारमा क्रमश कक्षगत पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।

४. कम्तिमा एक वर्ष कार्यअवधि बाँकी भएका प्रधानाध्यापकहरुसँग विद्यालय सुधार योजनाको आधारमा विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धिका सूचकहरु सहितको कार्ययोजना माग गरी करारनामा गरिने छ भने कार्यअवधि समाप्त भएका विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि निर्माण गरी प्रतिष्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

५. मापदण्ड अनुसार दरबन्दी मिलानको कार्य सम्पन्न गरी पालिकाको स्रोत साधन अनुसार आवश्यक दरबन्दी सिर्जना गर्दै शिक्षक व्यवस्थापन गर्ने कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

६. शैक्षिक गुणस्तर अभिवृद्धिकालागि सबै सरोकारवालाहरुको सहभागिता र साझेदारीमा "**हामी बनाउछौं हाम्रो विद्यालय**" नामक तुर्माखाँद गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। यसका लागि सरोकारवालाहरुको योगदानको पहिचान तथा परिचालन गरिनेछ ।

७. अन्तर स्थानीय तह, अन्तर जिल्ला, अन्तर प्रदेश तथा देशभरका सामुदायिक विद्यालयले शैक्षिक सुधारका लागि गरेका राम्रा अभ्यासहरुबाट सिक्न र उपयुक्त अभ्यासहरुलाई लागु गर्नका लागि प्रधानाध्यापक, शिक्षक तथा व्यवस्थापन समितिलाई आवश्यकता अनुसार भेला, सम्मेलन, अन्तरक्रियाका साथै अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

८. आधारभूत तहमा कक्षा ५ र ८ तथा माध्यमिक तहमा कक्षा १० मा हुने अन्तिम परीक्षालाई स्तरीकृत परीक्षाको रुपमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गरिने छ। उक्त परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा विषय शिक्षकलाई प्रोत्साहानको व्यवस्था गरिने छ ।

९. गणित, विज्ञान, सामाजिक अध्ययन, नेपाली, अंग्रेजी लगायतका अनिवार्य विषयहरु अध्यापन गराउने शिक्षकहरुको स्रोतकेन्द्रस्तरीय र पालिकास्तरीय विषयगत समितिहरु निर्माण गरीने छ। विषयगत समितिलाई शिक्षण सिकाई क्रियाकलाप, आन्तरिक तथा वाह्य मूल्यांकन, प्रश्नपत्र निर्माण, आवश्यक तालिमको पहिचान तथा व्यवस्थापनको जिम्मेवारी दिइनेछ।

१०. तुर्माखाँद गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरी कक्षा १२ को अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने एकजना छात्र र एकजना छात्रा गरी २ जना दलित विद्यार्थि र जनजाती अल्पसंख्यक तथा फरक क्षमता भएका छात्रछात्रा गरि ३ जना विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

११. सामुदायिक विद्यालयहरुको सुन्दरता बढाउन विद्यार्थीहरुको सहभागितामा बालबालिका तथा बातावरण क्लब निर्माण गरी सम्पूर्ण विद्यालयहरुमा सुन्दर विद्यालय परियोजना सञ्चालनमा ल्याइनेछ।

१२. परम्परागत सिप र कलाको संरक्षण तथा संबद्र्धन गर्न समुदायको मौलिक कला र सिपलाई नयाँपुस्तामा हस्तान्तरण गर्ने योजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।

१३. सामुदायिक विद्यालयहरुको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन माद्यामिक विद्यालयहरुमा **अध्यक्ष डिजिटल शिक्षा** कार्यक्रम लागु गरिनेछ।

१४. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूवात गर्ने र क्रमशः सवै विद्यालयमा पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

१५. सामुदायिक विद्यालय प्रतिको अपनत्व अभिबृद्धि गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण गरी शैक्षिक नितिगत समस्यालाई समाधानमा सहजता बनाईने छ। माध्यमिक तहको शिक्षण सिकाई प्रक्रियालाई सहज र प्रभावकारी बनाईने छ ।

१६. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

१७. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने विद्यार्थिहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

१८. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षककहरुको ब्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ। विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१९. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

२०. "**उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान**" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

२१. माध्यामिक तथा आधारभुत विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ। गाउँपालिकामा एक सार्वजनिक पुस्तकालय तथा अध्ययन अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

२२. विद्यालयहरुको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्न विद्यालय कार्यसम्पादन स्व-मुल्यांकन परीक्षण मार्फत विद्यालयको तहगत रुपमा स्तरीकरण गरिने छ ।**"एक वडा एक नमुना विद्यालय तथा एक नमुना बालविकास केन्द्र"** को अवधारणालाई कार्यान्वयन गरिनेछ।

२३. उच्च शिक्षाको सजिलै पहुँचका लागि तुर्माखाँद गाउँपालिकाको केन्द्रमा क्याम्पस स्थापना गरिनेछ र माध्यमिक विद्यालयहरुको आवश्यकता अध्ययन गरी कक्षा थप गर्ने नीति अवलम्बन गरिनेछ।

२४. पालिका भित्रको स्थानीय सामाजिक, साँस्कृतिक, वातावरणीय, कृषि, शिक्षा, पर्यटन लगायतका विषयवस्तुमा अध्ययन अनुसन्धानमा एम.फिल र पी.एच.डी.गर्ने विद्यार्थी र अन्य अनुसन्धान कर्तालाई विशेष प्रोत्साहन गरिनेछ।

२५. तुर्माखाँद गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा अध्ययनका लागि जेहन्दार, गरीब विद्यार्थीलाई उच्च, प्राविधिक शिक्षा तथा एम.बि.बि.एस. अध्ययनको लागि निश्चित कोटा निर्धारण गरी क्रमागत रुपमा बार्षिक छात्रवृत्तिको व्यवस्था गरिने छ।

२६. "एक विद्यालय एक महिला तथा दलित शिक्षकको व्यवस्था गरिने छ ।

२७. व्यवहारिक शिक्षाका लागि अवलोकन तथा शैक्षिक भ्रमण गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

२८. आगामी २ वर्ष भित्र सम्पूर्ण विद्यालयमा विद्युत बिस्तार गरिनेछ। माध्यामिक विद्यालयहरुमा इन्टरनेट जडान गरी ई—हाजिरी व्यवस्थापन गर्दै क्रमश सबै विद्यालयहरुमा लागु गरिने छ।

२९. "**बालबालिकालाई नियमति विद्यालय पठाँऔ, शिक्षाको गुणस्तर बढाऔं**" भन्ने मुलनाराका साथ अभिभावाक शिक्षा दिईनेछ। तुर्माखाँद गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालवालिकालाई विद्यालयमा भर्नागरी आगामी वर्ष भित्र शिक्षामा सबैको पहूँच सुनिश्चित गरिनेछ।

३०. आधारभुत विद्यालयलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउन लागत साझेदारीमा **"एक विद्यालय एक ल्यापटप"** वितरण गरिनेछ। विद्यालयलाइ अंग्रेजी माध्यममा शिक्षण सिकाइ सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

३१. प्रत्येक विद्यालयमा आवश्यक्ताको आधारमा खेलकुद, साँस्कृतिक र शैक्षिक सामाग्रिहरु प्रदान गरिनेछ। विद्यालयहरुलाई स्वस्थ, नैतिक र चरित्रवान बनाउन नैतिक तथा योग शिक्षाको अवधारणा ल्याई सबै विद्यालयमा क्रमशः कार्यान्वयन गरिनेछ ।

### *ख) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम*

तुर्माखाँद गाउँपालिका, अछाम

३२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी र व्याकरण लेखन तथा प्रकाशन गरिनेछ।

३३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विभिन्न जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्न प्रर्वद्धन गरिनेछ।

३४. साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले साहित्य महोत्सव आयोजना गरिनेछ ।

३५. पालिका भित्र मनाइने जात्रा, पर्व, मेला, पुजा, परम्परागत जिवनशैली, देउडागीत, ठाडीभाका, मारुनी नाँच, हुड्केउली पञ्चेबाजा,रत्यौली एवं अन्य साहित्यक तथा साँस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी तुर्माखाँद गाउँपालिकाको साँस्कृतिक प्रोफाइल तयार गरी प्रकाशित गरिनेछ ।

## *ग) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम*

३६. स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागी खेदकुद भन्ने मुल नाराका साथ अध्यक्ष कप अन्तरपालिका स्तरिय खेलकुद मेला संचालन गरिनेछ।

३७. जिल्ला स्तरिय खेलकुद प्रतियोगिताबाट छनौट भई प्रदेश स्तरिय खेलकुदमा सहभागी हुने खेलाडिहरुलाइ पाँच हजारका दरले पुरुष्कृत गरिनेछ।

३८. प्रशिक्षणका माध्यामबाट खेलाडिको वृत्त विकास, क्षमता अभिवृद्धी र उत्पेरणा वृद्धी गरिनेछ।स्थानीय तहबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खालाडिहरुलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ।

३९. तुर्माखाँद गाउँपालिका भित्र रहेका मा.वि. का खेलकुद शिक्षकहरुलाई खेलकुद प्रशिक्षण संचालन गर्ने व्यवस्था मिलाईनेछ।

४०. यस आवमा गाउँपालिकाको केन्द्रमा राँगाजुझेखाल विन्कान्ना र बाँसकाडामा निर्माणधिन गाउँपालिका स्तरिय खेलकुद मैदानको स्तरोन्नति गरी निर्माण कार्य सम्पन्न गरिनेछ।

४१. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।

४२. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४३. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ र सिप विकास तालिमहरु सञ्चालन गरिनेछ।

४४. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

४५. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

४६. युवाहरुलाई सक्षम, स्वालम्बी, अनुशासित, नैतिकवान, बनाउनका लागि युवा क्लब, बाल क्लब, स्काट, रेडक्रस मार्फत युवा परिचालन गरी पालिका युवा विकास समिति गठन गरी कार्यान्वयन गरिनेछ।

## *घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम*

तुर्माखाँद गाउँपालिका,अछाम

४७. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बञ्चितकरणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

४८. ऐतिहासिक काल देखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४९. "**हिंसा मुक्त तुर्माखाँद गाउँपालिका हाम्रो पहिचान**" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका लागि जीवन निर्वाहका कार्यक्रम संचालन गरिनेछ।

५०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

५१. गाउँपालिका तथा वडास्तरीय बाल क्लबहरु गठन गरि प्रभावकारी रुपमा परिचालन गरिनेछ। यसै आ.व. भित्र सबै वडाहरुलाई बालमैत्रि वडा घोषणा गर्ने कार्य संचालन गरिनेछ।

५२. महिला, दलित, जनजाती, अल्पसंख्यक र फरक क्षमता भएका समुदायलाई सीपमुलक, रोजगारमुलक तालिम दिइ आय आर्जनका क्रियाकलापमा सहभागी गराई महिलाले सञ्चालन गर्ने व्यवसायमा प्रोत्साहन गरिनेछ।

५३. महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता, शसक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत सञ्चालन गरिनेछ।

५४. टुहुरा बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५५. फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार विकास गरिनेछ। पालिकाभित्रमा ग र घ वर्गका फरक क्षमता भएका (अपाङ्गता) व्यक्तिहरुलाई **अध्यक्ष सँग अपाङ्ग** समाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५६. लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८१ र बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०८१ मा आवश्यक बजेटको व्यवस्थापन गरी कार्यविधिलाई पुर्ण रुपमा लागु गरिनेछ।

५७. छोरीलाई छोरा सरह अवसर एवं सम्पति दिने घर परिवारलाइ उचित सम्मान गरिनेछ।

५८. सामाजिक सुरक्षा भत्ता लिन नचाहने जेष्ठ नागरिकलाइ सार्वजनिक रुपमा सम्मान गरिनेछ।

५९. दलित, महिला, वालवालिका तथा फरक क्षमता भएका व्यक्तिहरुलाई शसक्तिकरण तथा मूलप्रवाहीकरण गर्न लक्षित कार्यक्रम लागू गर्नुका साथै कार्याविधि निर्माण बनाई हेल्प डेस्क स्थापना गरी कार्यान्वयन गरिनेछ।

६०. गर्भवती तथा सुत्केरी आमा सँग **उपाध्यक्ष कार्यक्रम लाई** निरन्तरता दिइनेछ।

६१. अपाङ्गगता भएका व्यक्तिहरुको तथ्याङ्कलाई व्यवस्थित गर्न पालिका स्तरमा अपाङ्ग पहिचान शिविर संचालन गरिनेछ ।

६२. नेपालको संबैधानिक व्यवस्था बमोजिम दण्डबाट पिडित भएका नागरिकहरुको हकहित संरक्षणका लागि प्रदेश सरकार र संघ सरकार सँग समन्वय र सहकार्य गरिनेछ।

## *ङ) स्वास्थ्य सम्बन्धि नीति तथा कार्यक्रम*

६३. यसै आवमा गाउँपालिकाको केन्द्रमा निर्माणधिन १० सैय्याको आधारभुत अस्पतालको निर्माण कार्य सम्पन्न गरी चिकित्सक सहितको अस्पताल सञ्चालनमा ल्याइनेछ। उक्त अस्पताललाई २० सैय्याको अस्पताल बनाउन सम्भाव्यता अध्ययन गरीनेछ।

६४. तुर्माखाँद गाउँपालिकाबाट जारी भएको **"विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८०"** मा उल्लिखित गम्भिर प्रकारका रोग (मुटुरोग,क्यान्सर,स्पाइनल इन्जुरी, हेड इन्जुरी,कलेजो प्रत्यारोपण) का बिरामीलाई शल्यक्रिया (मेजर अपरेसन) गर्दा संक्रमित व्यक्तिहरूलाई औषधोपचारका लागि एक मुष्ट रु २५ हजार आर्थिक सहयोग गरिनेछ।

६५. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाको क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र उपचारात्मक सेवालाई सहजरुपमा सर्वशुलभ र नियमित बनाइनेछ।

६६. स्वास्थ्य सेवालाई निदानात्मक र उपाचारात्मक बनाउन टेलि मेडिसिन प्रबिधिबाट मासिक रुपमा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गरिनेछ।

६७. "बुढेशकालको सहारा अध्यक्षको नारा" भन्ने हेतुले ६० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथा फरक क्षमता भएका नागरिकहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार सेवा सबै वडामा विस्तार गरिनेछ।दिर्घ रोगबाट पिडित भएका व्यक्तिहरुको लगत संकलन गरी निःशुल्क रुपमा औषधि उपलब्धको व्यवस्था मिलाइनेछ।

६८. स्वास्थ्य संस्थाको सेवालाई स्तरोन्नतिको लागि भौतिक पूर्वाधार निर्माण, आवश्यक उपकरणको व्यवस्था गरी प्रयोगशाला सेवा विस्तार गरिनेछ। एक स्वास्थ्य संस्था एक ल्यापटको व्यवस्थाको अवलम्ब गरिनेछ।

६९. अन्तर पालिका साझेदारीमा विशेषज्ञ सेवा सहित पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ

७०. घरमा हुने सुत्केरीलाई सुन्यमा झार्ने नीति लिइनेछ।संस्थागत सुत्केरी बढाउन सबै गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराई घरभेट सुत्केरी जाँचलाई सुधार गरिदै लगिने छ।

७१. आर्थिक रुपमा अति विपन्न, क र ख बर्गका अपाङ्ग तथा जेष्ठ नागरिकको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवा निःशुल्क रुपमा उपलब्ध गर्ने प्रबन्ध मिलाइनेछ।

७२. महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवा प्रवाह क्षमतालाई अभिवृद्धि गरी स्वास्थ्य सुधारमा पु-याउनु भएको योगदानको कदर गर्दै उचति प्रोत्साहन सहति सम्मानको व्यवस्था गरिनेछ।

७३. निजी स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने सेवालाई प्रभावकारी वनाउन अनुगमन तथा नियमन संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याईनेछ।

७४. प्रत्येक घरधुरीमा स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ।पिछडिएका,गरिब,असाहाय, सिमान्तकृत, लोपोन्मुख लगाएतका लक्षित वर्गलाइ निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

७५. स्थानीयस्तरमा उत्पादन हुने जडिबुटी उत्खनन्, सङ्कलन तथा प्रशोधनको लागि सम्भाव्यता अध्ययन गरी आयुर्वेद उपचार पद्धतिलाई व्यवस्थित गरिनेछ।

७६. सार्वजनिक तथा सरकारी कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गरिनेछ।

७७. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि मागमा आधारित तालिमको व्यवस्था गरीनेछ।

७८. पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्दै सबै स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिनेछ।

७९. सु-पोषण पालिका बनाउन कुपोषण बालवालिका तथा गर्भवति महिलाहरुको तथ्याङ्क सङ्कलन गरी उचित व्यवस्थापन गरिनेछ। सबै वडाहरुमा **"पालिका पोषण कोशेली कार्यक्रम"** लागु गरिनेछ।

८०. बुहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौंलो हजार दिनका आमाहरुलाई पोषणभत्ता प्रदान गरिनेछ।

८१. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनको लागि प्रत्येक मा. वि. विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विद्यार्थिहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८२. महिलाहरुमा हुने महिनावारी व्यवस्थापनको लागि स्यानिटरी प्याड बनाउने तालिमको व्यवस्था गरिनेछ।बाल विवाह न्यूनिकरणका लागि माद्यामिक तहमा अध्ययनरत विद्यार्थिहरुलाई सचेतनामुलक क्रियाकलाप सञ्चालन गरिने छ।

## २. आर्थिक निति:

### *क) उद्योग तथा पर्यटन सम्बन्धि नीति तथा कार्यक्रम*

८३. तुर्माखाँद गाउँपालिका कार्यालयमा दर्ता/ सुचिकृत नभएका गाउँपालिका भित्र संचालित उद्योग, वाणिज्य फर्म र अन्य संघ संस्थालाई दर्ता गर्नका लागी आ.व.२०८१/०८२ को १ महिना भित्र दर्ता हुने व्यवसायहरुलाई लाग्ने दर्ता दस्तुरमा २०% छुट गरिनेछ।

८४. तुर्माखाँद गाउँपालिकामा दर्ता गरी संचालित उद्योग व्यवसायीले कम्तिमा ३ जना व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गरेमा गाउँपालिकामा लाग्ने बहाल कर र नविकरण शुल्क छुट गरिनेछ।

८५. उद्योग दिवसको अवसरमा गाउँपालिकामा दर्ता गरि संचालनमा आएका उद्योगीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

८६. औद्योगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ।

८७. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

८८. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८९. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक सञ्जालको प्रारम्भ गरिनेछ।

९०. कर्णाली नदीको जंगलघाट, तुल्ता, असारा क्षेत्रलाई आधुनिक जल पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ।

९१. तितौडा, शिवगुफा (पाणागडा तोल्ली), बागेश्वरी (नाडा), त्रिवेणीधाम लोडे, भनथान मालिकाडाँडा आमीकोटलाई धार्मिक पर्यटकीय क्षेत्रकारुपमा, नौखम्म, जुम्लीपडा, कैलुपाइला (तोषी), रहफको मालिका र देवल, धमालीको देबल, टिकाथला, सितापाईला रहफ, छुट्टेकृष्ण रानिवन, गाईपाइला रानिवन, कैलुपाइला र हुँम गर्ने डाडाँ लकान्द्र लगायतका क्षेत्रलाई पुरातात्विक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्दै पर्यटकीय गन्तव्यकारुपमा विकास गरिनेछ।

९२. पालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वको मठ, मन्दिर, पोखरी, गुफा, शिला, देवल आदिको अभिलेख राखी संरक्षणको व्यबस्था गरिनेछ।

### *ख) कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम*

९३. स्वास्थ माटो, स्वास्थ जीवन भन्ने नाराका साथ माटो परीक्षण नतिजाको आधारमा रैथाने बालीको प्रवर्द्धनको लागि स्थानीय स्तरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन प्रविधि प्रसारका लागि **एक वडा एक कृषक पाठशाला** सञ्चालन गरिनेछ।

९४. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्न वालीहरुको पकेट क्षेत्रहरु पहिचान गर्न सघन कृषि क्षेत्र निर्धारण गरी सम्भावित स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

९५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधार निर्माण गरिनेछ।

९६. बाँझो जमिनमा खेति गर्न प्रोत्साहन गरी अनुदानको व्यवस्था मिलाईने छ। कृषकहरु लाई उत्पादनका आधारमा नगद अनुदान उपलब्ध गराईनेछ।

९७. प्रत्येक घरघरमा करेसा बारीको निर्माण गर्न प्रोत्साहन गरिनेछ।

९८. टिमुर खेति विस्तारको लागि सम्भाव्यता अध्ययन सँगै पकेट क्षेत्रको निर्धारण गरिनेछ।

९९. स्थानीय कृषि उपजको विक्रि वितरणका लागि कृषि हाटबजार, संकलन केन्द्र, शित भण्डार स्थापना सँगै बजार मुल्य निर्धारण गरिनेछ ।

१००. अगुवा कृषकहरुलाई नयाँ प्रविधि अवलम्बन गर्न अन्तर जिल्ला स्तरीय कृषक भ्रमण गर्ने व्यवस्था मिलाईनेछ।

१०१. कृषकहरुलाई ५०% अनुदानमा बिभिन्न नविनतम कृषि प्रविधिमा आधारित कृषि सामाग्री वितरण गरिनेछ।

१०२. जलवायु परिवर्तनको चरम असरलाई मध्यनजर गर्दै, रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै, जैविक मैत्री खेतीलाई अवलम्वन गरिनेछ।

१०३. स्थानिय तहमा दर्ता भएका तर सक्रिय नभयका कृषक समूहलाई सक्रिय बनाउन प्रत्येक वडामा आवश्यक तालिम संन्चालन गरिनेछ।

१०४. यस तुर्माखाँद गाउँपालिकामा पशुपालनका लागि उच्च सम्भावनाको क्षेत्र भएकाले दुग्ध तथा मासुजन्य उत्पादनमा यस पालिकालाई आत्मनिर्भर बनाउनका लागि स्थानीय पशुहरुमा नश्ल सुधार गरी कृत्रिम गर्भाधान मिसन तथा भैसीलाई सुत्केरी भत्ता कार्यक्रम संचालन गरिनेछ।

१०५. "**बैङक छ घरमा नगद हुन्छ जम्मा**" भन्ने मुल नाराका साथ बाखालाई घरेलु वैंकको रुपमा विकास गरि आर्थिक आयआर्जन गर्न बाखा प्रर्वद्धन/पकेट विकास कार्यक्रमलाई संचालन गरि रोजगारी सृजना गरिनेछ।

१०६. हाल देश भरी तथा यस तुर्माखाँद गाउँपालिकामा पनि पशुवस्तुमा महाँमारीको रुपमा फैलिरहेको लम्पि स्किन रोग फेरि पनि महाँमारीको रुपमा फैलन सक्ने सम्भावाना भएका अन्य रोग खोरेत, भ्यागुत्ते, PPR रोगहरुलाई नियन्त्रण गर्नका लागि आकश्मिक पशु उपचार कोष स्थापना गरी खोप अभियान कार्यक्रम संचालन गरिनेछ।

१०७. उपचार सेवालाई प्रभावकारी वनाउन "**घर घरमा प्राबिधिक सेवा उत्पादनमा टेवा**" भन्ने मुल नाराका साथ कृषिप्रसार सेवाको पहुँचलाई कृषकको घरदैलो स्तर सेवा पुर्‍याउन, पशुपन्क्षी उत्पादनमा देखा पर्ने प्राविधिक समस्याको समाधान गर्न वडा स्तरमा प्राविधिक कर्मचारी परिचालन गरिनेछ। **एक गाउँ एक कृषि प्राविधिक को** नीति अवलम्बन गरिनेछ ।

१०८. कुकुरबाट मानिसमा सर्ने प्राणघातक जुनोटीक रोगको जोखिमलाई न्यूनिकरण गर्न सबै वडामा रेविज खोप अभियान कार्यक्रमलाई निरन्तर्ता दिइनेछ साथै वडा स्तरमा विषेशज्ञ सेवा सहितको पशु स्वास्थ्य शिविर सञ्चालन गरीनेछ

१०९. "**गरौ व्यवसायिक पशुपन्क्षी र कृषि यसैबाट सुरु हुन्छ तुर्माखाँदको समृद्धी**" भन्ने मुल नाराका साथ कृषि विकास रणनिति अनुरुप प्रदेश तथा स्थानिय सरकारको सहकार्यमा पशुपन्क्षी आधुनिक खोर गोठ सुधार र अपाङ्ग उत्थान कुखुरा श्रोत केन्द्र कार्यक्रम संचालन गरिनेछ।

११०. मासु पसल तथा व्यवस्थित बधशालाको पूर्वाधारमा स्तरोउन्नती गरी स्वास्थ्य मापदण्डमा रहि स्वच्छ मासु उपभोक्तालाई उपलब्ध गराउने कार्यमा टेवा पुर्‍याइनेछ।

१११. कृषि तथा पशुपन्क्षी बिमाका लागि नीति बनाइ कार्यन्वयन गरिनेछ।

११२. तुर्माखाँद गाउँपालिकामा दुग्ध डेरी स्थापना गर्नका लागि कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

११३. एक वडा एक उत्पादन कार्यक्रम लागू गरी औचित्यका आधारमा भैंसी, बाख्रा, बंगुर, कुखुरा तथा माछा पालन सम्बन्धि कार्यक्रम संचालन गरीनेछ। गाउँपालिकामा उन्नत नश्ल बाख्रा स्रोत केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

११४. गाउँपालिका भित्रका कृषकहरुको सफ्टवेयरको माध्यमबाट लगत संकलन गरी वास्तविक किसान पहिचान खुलाई कृषक परीचयपत्र वितरण गरीनेछ।

११५. तुर्माखाँद गाउँपालिकाको बगलदेउ, नथखोलामा बगिरहेको सफा र स्वच्छ पानीमा रेन्बो ट्राउट माछा पालनको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

११६. नमुना संकलन गरि पशुपन्छीको रोग पहिचानमा प्रभावकारी निदान/उपचार गर्नका लागि पशु प्रयोगशाला स्थापना गरी सञ्चालन गरिनेछ।

११७. गाउँपालिकाको सबै वडाहरुमा गठन भई दर्ता भएका कृषक समुहको साझेदारीमा उन्नतजातका मुर्रा राँगा, बोका वितरणको अबधारणा ल्याइनेछ।

११८. व्यबसायिक पशुपालन गर्दा उत्पादन लागत घटाई उत्पादन तथा उत्पादकत्व वढाउनका लागि उन्नत घाँसको नर्सरी स्थापना गरी यस पालिकालाई उन्नत घाँसेवालीमा आत्मनिर्भर बनाई उन्नत घाँसको विउ बेर्ना निर्यात गरिने छ।

### *ग) सहकारी, गरिबी निवारण, रोजगार तथा लघु उद्यम सम्बन्धि निति*

११९. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणको लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ।

१२०. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित गरिनेछ।

१२१. यस पालिका भित्र कार्यक्षेत्र रहेका सम्पुर्ण सहकारी सस्थाहरुलाई कोपोमिसमा आवद्ध गरिने छ। सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि तालिमहरुको आयोजना गरिनेछ।

१२२. दर्ता भई संचालनमा नरहेका सहकारी संस्थाहरुलाई आवश्यक मापदण्ड बनाई खारेजी वा पुन संचालनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

१२३. गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिक २०७७ को दफा ६४ मा लागत सहभागिता (कस्ट सेयरिङ) लाई प्राथमिकता दिइ लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमि सृजना,उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानको आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तलिम) गरिनेछ।

१२४. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागी कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तण गरिनेछ।

१२५. आ.व.२०८१/०८२ भित्र यस गाउँपालिकामा दर्ता भई संचालनमा आएका व्यवसायहरुलाई दिगो र नाफामुखि व्यवसाय संचालनका लागी उद्यमशिलता विकास तालिम प्रदान गरिनेछ।

१२६. गाउँपालिकामा संचालित माद्यामिक विद्यालयहरुमा प्रमाण-पत्र तह अध्ययन गरिरहेका विद्यार्थिहरुलाई पढदै कमाउदै कार्यक्रम संचालन गरिनेछ।

१२७. "**युवासँग सरकार, हुने छैनन् बेरोजगार**" अभियानलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा युवा रोजगारीका कार्यक्रम सञ्चालन गरिनेछ ।



तुर्माखाँद गाउँपालिका,अछाम

१२८. यस तुर्माखाँद गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ।

१२९. गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

१३०. गाउँपालिका तथा वडामा सञ्चालन हुने आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरी संचालन गरिनेछ।

१३१. गाउँपालिका अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार तथा सिपयुक्त बनाउन सिपमुलक तालिम दिई सोही प्रकारका काममा On the job Training को व्यवस्था गरिनेछ।

१३२. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई श्रमप्रधान आयोजना मार्फत् न्यूनतम रोजगारी सुनिश्चित गरिनेछ। कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माणसँगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइनेछ।

१३३. आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसर तथा सम्भावनालाई दीगो बनाउन रोजगार सेवा केन्द्रवाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनेछ।

१३४. स्थानीय स्तरमा रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी गर्नका लागि रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१३५. रोजगार सेवा केन्द्रबाट आन्तरिक तथा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि परामर्श सेवा तथा रोजगार सहायता सेवा उपलब्ध गराइनेछ

### ३। सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१३६. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाउन विशेष पहल थालिनेछ। विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

१३७. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै सञ्चार संस्था र गाउँपालिका सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१३८. पालिकाको कार्यलय र वडा कार्यलयहरुका सबै आन्तरिक तथा सार्वजनिक सेवा प्रवाहका कामकारबाहीलाई व्यवस्थित गर्नको लागि पुरानोलाई निरन्तरता दिई आवश्यक नयाँ सिस्टम सफ्टवेय र मोवाइल एप्सहरु निमार्ण गरि सूचना मैत्री बनाउदै लैजाने कार्यलाई निरन्तरता दिइनेछ।

१३९. गाउँपालिका अन्तर्गत रहेका सबै सरकारी कार्यालयहरुमा कर्मचारीहरुको उपस्थिति अभिलेख पालिकाबाटै राख्नमिल्ले गरि इ-हाजिरिको व्यवस्थापन गरिनेछ।

१४०. गाउँपालिकामा सञ्चालित सूचना प्रविधि केन्द्र व्यवस्थित बनाउनका लागि अभिलेख केन्द्रको रुपमा विकास गरिनेछ। स्थानीय डाटासेन्टरलाई एकै ठाउँमा व्यास्थापन गरी सूचना प्रणालीलाई सुधार गर्दै लगिनेछ।

१४१. पालिकाको केन्द्र सम्म टेलिफोन लाईन तथा ईन्टरनेट फाईबरलाईन विस्तार गरि सूचना प्रवाहमा सहजता ल्याइनेछ।

१४२. सूचना प्रविधिको प्रयोग जनताका जनगुनासा, सुझाव सुनुवाई तथा सम्बोधन गर्न सहज बनाउनका लागि डिजिटल माध्यमबाट विभिन प्रणालीको बिशेषरुपमा प्रयोग गरिदै लगिनेछ।

१४३. संविधानले प्रद्धत गरेको सूचानाको मौलिक हकलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ।

### ४। न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम



तुर्माखाँद गाउँपालिका,अछाम

१४४. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नितिगत कानूनको व्यवस्था गरी कार्यन्यवन तथा कानूनको प्रबन्ध मिलाइनेछ।

१४५. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान, सिप र क्षमता विकासका कार्यक्रमहरु पारित गरी कार्यान्वयन गरिनेछ।

१४६. सभाबाट हालसम्म निर्माण भएका स्थानीय कानूनहरुलाई अधावधिक गरी स्थानीय कानून संग्रहहित गरी स्थानीय कानून संग्रहकारुपमा प्रकाशन व्यवस्थापन गरिनेछ।

१४७. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टममा आवद्ध** गरिनेछ।

१४८. सबै गाउँपालिका बासीहरुलाई छीटो छरितो पहुँच योग्य र प्रभावकारी न्याय सेवा प्रबाह गर्न न्यायिक समिति र मिलमिलाप केन्द्रबाट विवाद सुनूवाई गरिनेछ।

१४९. मेलमिलाप तथा बहुसरोकारवाला द्धन्द्ध रुपान्तरणका लागि मेलमिलाप कर्ता र न्यायिक समितिका पदाधिकारीको  क्षमता विकास सम्बन्धि कार्यक्रम लागु गरिनेछ।

१५०. न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुको मेलमिलापको माध्यामबाट मिलापत्र गराउन सबै वडा कार्यालकयमा स्थापना भएका मेलमिलाप केन्द्रलाई प्रभावकारी बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था गरिने छ।

## ५। सुशासन  तथा क्षमता विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम

१५१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न वेरुजु फर्छयौट कार्ययोजना निमार्ण गरी कार्यान्वयन गरिनेछ।

१५२. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

१५३. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणालीको माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (CGR App) तयार गरी लागु गरिनेछ र गुनासो व्यवस्थापन तथा सेवा सम्बन्धी जिज्ञासा सुन्नका लागि टोल फ्रि नम्बर सञ्चालनमा ल्याइनेछ।

१५४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका कार्यालयको सूचनापाटी, डिजिटज बोर्ड तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

१५५. जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

१५६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिका राखिने छ।

१५७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

१५८. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुऱ्याउन **"तुर्माखाँद गाउँपालिका"** नामक मोबाइल एप्स निर्माण गरि नागरिका वडा पत्र, सूचना र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

१५९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६०. तुर्माखाँद गाउँपालिका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

१६१. गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सरकारी/गैरसरकारी संघसंस्थालाई कानून बमोजिम नियमन गरिनेछ।

१६२. सार्वजनिक खरिद ऐन तथा नियमावली तयार गरी लागु गरिनेछ।

१६३. गाउँ कार्यपलिकाको कार्यालयमा सोधपुछ कक्ष, दर्ता चलानी, गुनासो तथा सुझाव पेटिकालाई व्यवस्थित गरिनेछ। नागरिक बडापत्र कार्यान्वयन समिति र गुनासो सुनुवाइ समिति गठन गरी कार्य प्रभावकारी बनाइनेछ।

१६४. सेवा प्रवाह जवाफदेहिता अपनाउनुका साथै शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१६५. कानून बमोजिम आवश्यक्ता र कार्य सम्पादन मूल्याङ्कन बमोजिम कर्मचारी थपघट गरिनेछ।

१६६. कानून बमोजिम उपभोक्ता समूह र संघरसंस्था तथा समितिलाइ दर्ता गरी नियमन गरिनेछ।

१६७. गाउँपालिका स्थापना दिवशका अवसरमा स्थानिय सेवाका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन एवं दण्ड तथा पुरस्कारको नीति लिइनेछ।

१६८. स्थानीय कानून निर्माण संशोधन तथा पुनरावलोकन गर्न गठित विधायन समिति र कानून मस्यौदा तर्जुमा समितिको काम कर्तव्य र अधिकारलाई थप व्यवस्थित गर्न समितिका पदाधिकारी र कर्मचारीहरुलाई आवश्यक ज्ञान सिप र क्षमता अभिवृद्धिको लागि कानूनी सचेतना सम्बन्धि तालिमको व्यवस्था गरी कानूनी राज्यको अवधारण अनुसार हाल सम्म उपलब्ध स्थानीय कानूनको जानकारी दिनुको साथै आवश्यक पर्ने अन्य कानूनहरुको निर्माण गरी सुशासनको प्रत्याभुति दिन आवश्यक व्यवस्था मिलाइनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

१६९. बिश्व जलबायु परिवर्तनमा देखिएका समस्यालाई मध्येनजर गरी त्यसको न्युनिकरण गर्न आबश्यक कार्यक्रमको ब्यबस्था मिलाईने छ।

१७०. तुर्माखाँद गाउँपालिकामा बनेको बिपद ब्यबस्थापन कार्यविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आबश्यक कार्यक्रम सञ्चालन गरीनेछ।

१७१. तुर्माखाँद गाउँपालिकामा वन तथा वातावरणलाई संरक्षण गर्नको लागि आगलागिबाट बचाउन अग्निरेखा तथा बन संरक्षण सम्बन्धि आबश्यक ऐन तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

१७२. गाउँपालिकाको बिपद जोखिमयुत्त क्षेत्र रेखाङ्कन गरि सोही आधारमा बिशिष्ट प्रकृतिका बिपद जोखिम प्रतिकार्य पुनःउत्थानका कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।

१७३. संम्बेदनशिल जलाधार क्षेत्रका जमिनहरुलाई अतिक्रमण रोक्न तथा नियन्त्रण गर्नको लागि व्यवस्थित रुपमा कार्यक्रम बनाई सञ्चालन गरीनेछ।

१७४. फोहोरमैला ब्यबस्थापन ऐनलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि बनाई फोहोरमैला ब्यबस्थापनलाई कार्यान्वयनमा ल्याईनेछ।

तुर्माखाँद गाउँपालिका, अछाम

१७५. पालिकामा रहेका सामुदायिक बन, कबुलियति बन र निजि बन क्षेत्रको अभिलेखिकरण गरी सञ्चालन, नियमन, दिगो ब्यबस्थापन तथा संरक्षण गर्ने ब्यबस्था मिलाइनेछ।

१७६. वायु प्रदुषण मापन गर्न AQI (Air Quilt Index) मेसिन जडान गरी वायु प्रदुषण नियन्त्रणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१७७. वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका कार्यक्रहरु संचालन गरी विपद पुर्व तयारीका कार्यक्रमहरु संचालन गरिनेछ।

१७८. पुर्व सूचना प्रणालीलाई प्रभाकारी तुल्याउने प्रभावित स्थानको पहिचान गरी SMS प्रणाली लागु गरीनेछ।

## *७ खानेपानी तथा सरसफाई*

१७९. नेपालको संवैधानिक व्यवस्था बमोजिम सबै नागरिकलाई खानेपानी उपलब्ध गराउन तथा दिगोविकास लक्ष्य प्राप्ती र सबै नागरिकको पहुँचमा स्वच्छ खानेपानी सुनिश्चिततका लागि एक घर एक धाराको नीतिलाई निरन्तर्ता दिइनेछ।

१८०. खानेपानी तथा सरसफाई ऐन २०७९ ले व्यवस्था गरे बमोजिमका सबै कार्यक्रमहरुलाई निरन्तर्ता दिई पूर्णरुपमा कार्यान्वयमा ल्याउने ब्यबस्था मिलाईने छ।

१८१. गाउँपालिका स्तरिय खानेपानि तथा सरसफई योजना मर्मत सम्भार कोष स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

१८२. खानेपानि तथा सरसफाई योजना उपभोक्ता संस्था तथा समितिहरुलाई गाउँपालिकामा दर्ता गरी नियमित रुपमा बार्षिक नविकरण गर्ने ब्यबस्था मिलाइने छ।

१८३. तुर्माखाँद गाउँपालिका भित्र रहेका स्थानीय बजार तथा समुदाय स्तरको फोहोरमैला व्यवस्थापनको लागि आवश्यक ऐन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१८४. नेपाल सरकारले तयार गरेको पुर्ण सरसफाई निर्देशिका मापदण्ड अनुसार योजना टोल बिद्यालयहरु पुर्ण सरसफाई तथा तिन तारा विद्यालय कार्यक्रम लाई निरन्तर्ता दिईनेछ।

१८५. पालिकामा निर्माण सम्पन्न खानेपानी योजनाहरुलाई दिगो व्यवस्थापनको लागि खेर गएको पानीलाई सदुपयोग गर्न कृषि शाखा तथा अन्य संघसंस्था सँग परामर्श गरी खानेपानी पहुँच पुगेका सबै घरधुरीमा घरवारी व्यवस्थापनलाई निरन्तर्ता दिइनेछ।

## ८. भौतिक पुर्वाधार विकास,शहरी योजना, वस्ती विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम

### *क. भौतिक पुर्वाधार विकास र शहरी योजना सम्बन्धि नीति*

१८६. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१८७. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

१८८. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

तुर्माखाँद गाउँपालिका,अछाम

१८९. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ।

१९०. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा आवश्यक बजेट विनियोजन गरिनेछ।

१९१. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१९२. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा **"एक घर-एक विरुवा"** नीतिलाई निरन्तरता दिइनेछ।

१९३. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१९४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

### *ख) सडक तथा यातायात*

१९५. तुर्माखाँद गाउँपालिकाको केन्द्रमा यातायात पार्किङ्ग स्थलको निमार्णका लागि पहल गरिनेछ।

१९६. गाउँपालिकाको केन्द्र देखि १ नं. वडा रहफमा सडक सञ्जाल जोडि अन्य सबै वडा कार्यालय पुग्ने सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ।

१९७. कमलबजार-जंङ्गलघाट, तुर्माखाँद—रहफ, पुनेपाटा—बेलखेत, बेलखेत-रहफ, तुर्माखाँद-नाडा-बेतान कर्णाली, तुर्माखाँद-बाँसकाँडा—बबुरखाल- कुनिगडा सडकलाई गाउँपालिकाको गौरवको योजनाको रुपमा विकास गरिनेछ र सडक छेउमा बायो इन्जिनियरिङ्ग प्रविधिका साथै बृक्षारोपण गरिनेछ।

१९८. गाउँपालिका भित्रका सडकहरुको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्र भित्र अनाधिकृत रुपमा संरचना निमार्ण कार्यमा रोक लगाइनेछ।

१९९. सडक निर्माण सम्बन्धि मापदण्ड तजुर्मा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाई वातावरण मैत्री बनाइनेछ।

२००. सबै वडा कार्यालयका केन्द्र सम्म जोड्ने सहायक सडकहरु आवश्यकताका आधारमा विस्तार तथा स्तरोन्नती गरिनेछ।

२०१. पालिका भित्र रहेका जङ्गलघाट, तल्लो डुङ्गेश्वर, लामादुवाला र कुनिगडामा पक्कि पुल निर्माणका लागि आवश्यक पहल गर्नुका साथै अन्य झोलुङ्गे पुलहरुको लगत अध्यावधिक गरि सोको रेखदेख तथा मर्मत सम्भार र आवश्यक स्थानमा नयाँ झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

### *ग) भवन सहिंता र घर नक्सा पास सम्बन्धी नीति*

२०२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२०३. यसै बर्ष रहफ र रानीवनका वडा कार्यलय भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

२०४. बहु विपद जोखिम नक्साङ्कन र राष्ट्रिय भवन संहिता अनुरुप घर नक्सा पासका लागि योजना तथा भवन मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२०५. बसाइसराइलाई न्युनीकरण गर्न एकीकृत तथा नमुना वस्ती विकास कार्यक्रम सञ्चालनमा ल्याइने छ।

२०६. विपन्न दलित र पछाडि पारिएका समुदायका लागि सुरक्षित नागरिक आवास तथा भवन आचारसंहिता तथा मापदण्ड बमोजिम नक्शा पास गरि घर निर्माण इजाजत दिने कार्यको थालनी गरिनेछ।

२०७. विपद तथा अन्य कार्यबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गराइनेछ

२०८. गाउँ पालिका भित्रका सम्पूर्ण घरधुरीको संख्या गणना गरी घर नम्बर कायम गरिनेछ।

२०९. सबै विद्यालयहरुलाई क्रमशः टिनको छाना मुक्त गरि पक्कि भवन निर्माण गर्ने लक्ष्य लिइनेछ।

### *घ. सहरी विकास, आवास तथा भूमी व्यवस्थापन*

२१०. मालपोत कार्यालय अछाम र नापि कार्यालय अछामसँगको समन्वयमा सरकारी एवं सार्वजनिक जग्गाको अतिक्रमणलाई नियन्त्रण गर्न व्यवस्थित अभिलेखिकरण तथा लगत कट्टा सम्बन्धी कार्य गर्न विशेष कार्यक्रम संचालन गरिने छ।

२११. **"हाम्रो अमिन-व्यवस्थित जमिन"** भन्ने मुल नाराका साथ अत्याधिक जनसंख्या बृदि सँगै कृषियोग्य जमिनमा हुने खण्डिकरणलाई नियन्त्रण गर्न आवासिय क्षेत्रमा मात्र बस्ति बिस्तार गर्ने ब्यवस्था गरिने छ।

२१२. **"स्थानिय तहमा अमिनको साथ लालपूर्जा हातहात"** भन्ने मुल नाराका साथ बिगत द्वन्दका समयमा जग्गाधनि प्रमाण पूर्जा गुमाएका तथा बिशेष नापिले नापजाँच गरेता पनि जग्गाधनि प्रमाण पुर्जा नपाएका जग्गाधनीको जग्गा दर्ता गरी प्रमाण पुर्जा वितरण गरिने छ।

## ९. विद्युतीकरण तथा दुर सञ्चार सम्बन्धी नीतिः

२१३. **"जनतासँग अध्यक्षको साथः उज्यालो तुर्माखाँद"** आ.व.२०८१/०८२ मा सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा विद्युत् लाइनको विस्तार गरिने छ।

२१४. ३ वर्ष भित्रमा सबै घरवस्तीमा विद्युत् विस्तारका लागि आधार तयार गरिनेछ। यसै आ.व. भित्र ८ वटै वडा भित्रका सवै सरकारी कार्यालहरुमा बिजुल्ली बत्ति जडान गरिनेछ र पालिकामा नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्र स्थापनाका लागि पहल गरी विद्युत् सेवालाई पहुँचयोग्य बनाइनेछ।

२१५. नेपाल टेलिकमसँगको सहकार्यमा सबै ठाउँमा भरपर्दो र पूर्ण क्षमताको सञ्चार सेवाको आवश्यक ठाउँमा नेपाल टेलिकमको रिपिटर टावर स्थापनाका लागि पहल गरिनेछ।

२१६. गाउँपालिकामा सूचनाको सहज सम्प्रेषण र प्रकाशनका लागि साझा सहकारीमा सञ्चालित एक एफ.एम. रेडियो स्थापनाको सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ।

## १०.जलस्रोत तथा सिचाइँ सम्बन्धि नीति

२१७. जलाधारक्षेत्र संरक्षण गर्न तथा पानी पुनर भरण गर्नको लागि सबै वडाहरुका पाईक पर्नेठाँउमा रिचार्ज पोखरी निर्माण गरीनेछ तथा पानीको मुहान आस पासमा बृक्षारोपणको कार्यलाई कार्यान्वयनमा ल्याईने छ

२१८. पालिकाका सिंञ्चित तथा खेति योग्य क्षेत्रमा आधुनिक कुलो तथा पाईप प्रणालीबाट सिचाई सुबिधाको ब्यबस्था मिलाईने छ ।

२१९. गाउँ पालिकाको वरिपरी बगिरहेको कर्णाली नदिको पानीलाई समुश्चित प्रयोग गर्न दार्ति निकायको सहयोगमा सम्भाबित तुल्ता, कुनिगडा, लोडे, असराघाट, तल्लो थाल्पाटा, सेलाघाट, भुलु जिउला, माछालोट बुढावालुवा रहफ, बोल्दे, ताल, जंगलघाट र कोलिमरा क्षेत्रमा कृर्षि उत्पादनलाई मध्येनजर गरि आवश्यक लिप्टिङ्ग सिचाईको ब्यबस्था मिलाईने छ।

२२०. धमालीको फुलाम गाड र तुर्माखाँदको चिसि लोडेगाडमा बगिरहेको पानीलाई सहिसदुपयोग गर्नको लागि पक्कि कुलो तथा पाईप प्रणालीबाट सिचाई सेवा उपलब्ध गराउने ब्यबस्था गरिने छ।

## ११.राजश्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धि नीति तथा कार्यक्रम

२२१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२२२. राजस्व संकलन कार्यलाई मितव्ययी, नियमित प्रभावकारी, तथा पारदर्शी बनाउनको लागि राजश्व व्यवस्थापनसँग सम्बन्धि सुत्र ( SUTRA) सफ्टवयर सञ्चालनमा ल्याई करप्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२२३. राजश्वलाई नियमित, प्रभावकारी, अभिवृद्धि तथा चुहावटमुक्त बनाउनको लागि राजश्व सुधार कार्ययोजना तयार गरि लागु गरिनेछ।

२२४. गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व, प्रशासन अभिलेखन (SUTRA Software) सम्बन्धि क्षमता विकास, अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ साथै मालपोत संकलनका लागि वडागत अभियान सञ्चालन गरिनेछ।

२२५. कर दिवस र उधोग दिवसको अवसरमा गाउँपालिकामा दर्ता भइ सञ्चालनमा आएका उद्योगि, व्यवसायीहरु एंव करदातालाई प्रोत्साहन, सम्मान र पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ।

२२६. राजश्व क्षमता अभिवृद्धिको लागि उद्योग वाणिज्य संघ, होटेल व्यवसाय संघ, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवाला सँग नियमित समन्वय र अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ र राजस्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण गरिनेछ।

२२७. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२२८. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ। आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२२९. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

२३०. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ। जडिबुट्टी, प्राकृतिक स्रोत तथा ढुङ्गा, गिट्टि, बालुवा उत्खनन/संकलन एवं राजश्व संकलनको तथ्यांक तयार गरि कार्यान्वयन गरिनेछ।

२३१. हालसम्म दर्ता भएका व्यवसायको लगत अध्याधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गरिनेछ। व्यवसायको तथ्यांक लगत, व्यवसाय करको दर, तथा संकलनको अवस्था सम्बन्धि अनुगमन तथा मूल्यांकन गरिनेछ।

२३२. गाउँपालिका क्षेत्रका पर्यटकिय क्षेत्रहरुको प्रर्वद्वनका लागि पर्यटकीय प्याकेजको विकास तथा निजि क्षेत्रसँग सहकार्य गरिनेछ।

२३३. राजश्व संकलनमा उत्कृष्ट हुने शाखा, उपशाखा, वडा तथा कर्मचारीलाई सम्मान कार्यक्रम गर्ने र निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना र समयमा कर तिर्ने करदातालाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

२३४. गाउँपालिका वा वडामा करको दररेट सम्बन्धि नागरिक वडापत्रको व्यवस्था गरी राजश्व संकलनको विवरण अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ।

२३५. स्थानीय सञ्चार माध्यमबाट करदातालाई कर तिर्न प्रोत्साहित गर्ने सम्वन्धि सूचना सम्प्रेषण गरिनेछ।

## १२.सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धि निति

२३६. नेपाल सरकारको लोकप्रिय कार्यक्रम अन्तर्गत रहेको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई थप प्रवाकारी विश्वसनिय बनाई सुचना प्रबिधिको अधिकतम प्रयोग गर्ने नेपाल सरकारको आगामी आ.व. ०८१/०८२ को लक्ष्य अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने र राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा Biometric Verification गरी नयाँ थप हुने लाभग्राही र प्रत्येक वर्ष श्रावण १ गते देखि भदौ मसान्तसम्म हुने नविकरण कार्यमा अनिवार्य Biometric Verification प्रणाली लागु गरी तथ्याङ्क अद्यावधिक गर्ने व्यबस्था मिलाईने छ।

२३७. व्यक्तिगत घटना दर्ता अन्तर्गत हुने जन्म, मृत्यू, बिबाह, बसाईसराइ र सम्बन्ध बिच्छेद जस्ता दैनिक कार्यसम्पादन हुने कार्यहरुलाई थप प्रभावकारी विश्वसनिय र सूचना प्रबिधि मैत्री बनाउनका लागि वडा कार्यालयमा नयाँ पदस्थापन भई हाजिर हुने कर्मचारीहरुलाई आवश्यक तालिम, गोष्ठी, अन्तर्क्रिया तथा घुम्ती शिबिर जस्ता कार्यक्रमहरु संचालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाईने छ।

२३८. आगामी आर्थिक बर्षमा वितरण हुने सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा लाभग्राहीहरुसम्म उपलब्ध गराउन यस पालिकाको भौगोलिक विकटलाई मध्यनजर गर्दै वडा कार्यालय बाट भत्ता वितरण गर्नका लागि बैंक संगको आपसी सम्झौता र समझदारीमा भत्ता वितरणको प्रबन्ध मिलाईने छ।

***"अन्त्यमा गाउँपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिवी, नागरिक समाज, व्यापारी, यूबा, विद्यार्थि, किसान मजदुर, सामुदायिक क्षेत्र, निजी तथा सहकारी क्षेत्र, सञ्चारकर्मी, लगायत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापनगर्दछु ।"***

***धन्यवाद !!!***

तुमिङ्ताङ गाउँपालिका